सामुदायिक अस्पतालहरुलाई अनुदान दिने सम्बन्धी निर्देशिका,२०७३मा संशोधन गर्नुपर्ने बुँदाहरु

| हालको व्यवस्था | संशोधन/थपविचार | कारण |
| --- | --- | --- |
| १. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "सामुदायिक अस्पतालहरुलाई अनुदान दिने सम्बन्धी निर्देशिका,२०७३ | १.दफा १ मा २०७३ (पहिलो संशोधन) को सट्टा २०७३ (दोस्रो संशोधन) थप गरि अरु यथावत राख्ने, | संशोधित निर्देशिकामा संशोधन भएको बेहोरा राख्न मनासिव देखिएको, |
| २. दफा२(ङ)शहरीक्षेत्र भन्नाले महानगरपालिका,उपमहा नगरपालिकाले समेटेको क्षेत्रलाई सम्झनुपर्छ । | २. सामुदायिक अस्पतालहरुलाई अनुदान दिने सम्बन्धी निर्देशिका,२०७३ (यस पछि मूल निर्देशिका भनिएको) को दफा २ मा संशोधन : दफा २ को परिभाषा खण्डको (ङ) लाई पुरै हटाउने । | शहरी क्षेत्रको परिभाषा गर्न आवश्यक नभएकोले , |
| ३.दफा ३(१) प्रचलित कानुन बमोजिम अधिकार प्राप्त निकायबाट संञ्चालन स्वीकृती पाई शहरी क्षेत्र बाहिर सञ्चालनमा रहेका कम्तिमा १५ शैया क्षमता भएका सामुदायिक अस्पतालले मात्र यस निर्देशिका बमोजिम अनुदान रकम प्राप्त गर्न सक्नेछन । | ३. मूल निर्देशिकाको दफा ३(१) को सट्टा देहायको व्यवस्था राखिएको छ ।<br>दफा ३(१):– प्रचलित कानुन बमोजिम अधिकारप्राप्त निकायबाट सन्चालन स्वीकृती लिई तोकिए बमोमिको मापदण्ड पुरा गरेका महानगरपालिका क्षेत्र भन्दा बाहिर सञ्चालनमा रहेको कम्तिमा १५ शैया क्षमता भएका सामुदायिक अस्पतालले मात्र यस निर्देशिका बमोजिमको अनुदान रकम प्राप्त गर्न सक्नेछ । | महानगरपालिका बाहेकको क्षेत्रमा सामूदायिक अस्पताललाई अनूदान दिने उदेश्यबाट संशोधन गरीएको । |

# सामुदायिक अस्पतालहरुलाई अनुदान दिने सम्बन्धी निर्देशिका,२०७३ (दोश्रो संसोधन) २०७३

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "सामुदायिक अस्पतालहरुलाई अनुदान दिने सम्बन्धी निर्देशिका,२०७३ (दोश्रो संसोधन) २०७३" रहेको छ ।

२. सामुदायिक अस्पतालहरुलाई अनुदान दिने सम्बन्धी निर्देशिका,२०७३ (यस पछि मूल निर्देशिका भनिएको) को दफा २ मा संशोधन दफा २ को परिभाषा खण्डको (ङ) लाई पुरै हटाउने ।

३. मूल निर्देशिकाको दफा ३(१) को सट्टा देहायको व्यवस्था राखिएको छ ।

दफा ३(१) :– प्रचलित कानुन बमोजिम अधिकारप्राप्त निकायबाट सन्चालन स्वीकृती लिई तोकिए बमोमिको मापदण्ड पुरा गरी महानगरपालिका क्षेत्र भन्दा बाहिर सन्चालनमा रहेका कम्तिमा १५ शैया क्षमता भएका सामुदायिक अस्पतालले मात्र यस निर्देशिका बमोजिमको अनुदान रकम प्राप्त गर्न सक्नेछ।